आज मिति २०८३ साल साउन ०८ गते विहान ०७ वजे शुक्रवारका दिन यस जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, इलामको अस्पताल व्यवस्थापन समितिको बैठक समितिका अध्यक्ष श्री जय प्रकाश राई ज्यूको अध्यक्षतामा बसियो । बैठकमा निम्नानुसारका सहभागीहरूको उपस्थिति भई निम्नानुसारका निर्णय गरियो ।

उपस्थितिः

१) अध्यक्षः जिल्ला समन्वय समिति प्रमुख, श्री जय प्रकाश राई

२) सदस्यः सु. न. पा. नगर प्रमुख, श्री दुर्गा कुमार वराल

३) सदस्यः जिल्ला प्रशासन कार्यालय-

४) सदस्यः जिल्ला प्रहरी कार्यालय प्रमुख/ प्रतिनिधि- फुलविर तामाङ्ग

५) सदस्यः स्वास्थ्य कार्यालय प्रमुख, श्री आदित्य शाक्य

६) सदस्यः उद्योग बाणिज्य संघको जिल्ला प्रमुख,

७) सदस्यः जिल्ला रेडक्रस सोसाइटीको प्रमुख,

८) सदस्यः श्री दुर्गा देवी भट्टराई

९) सदस्यः श्री दुर्गामान राई

१०) श्री सुजन नेपाल

११) सदस्यः श्री संजिता पौडेल

१२) श्री

१३) सदस्य सचिव, डा. सरोज प्रसाद विशाल

आमन्त्रित :

१) श्री रीता खत्री

२) श्री आशिष कुमार झा

CamScanner

निर्णयहरू:

१) जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, इलामको हाल सम्मका सेवा प्रवाहको अवस्था, पहुँच, गुणस्तर, सेवाग्राही सन्तुष्टिको अवस्था र कार्यक्रम तथा अन्य गतिविधिका बारेमा समिक्षा गरियो । साथै समितिका पदाधिकारीहरूलाई काम, कर्तव्य र अधिकार सम्बन्धी अभिमुखीकरण समेत गरियो ।

२) यस कार्यालयको स्वास्थ्य सेवा प्रवाहको गुणस्तर सुदृढीकरण गर्न तथा न्युनतम सेवा मापदण्ड कार्यन्वयनका लागि अस्पताल तथा स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड कार्यन्वयन कार्यविधि, २०७७ बमोजिम देहाय बमोजिमको पदाधिकारी रहने गरी गुणस्तर समन्वय समिति पुनर्गठन गर्ने निर्णय गरियो।

अध्यक्ष : श्री जय प्रकाश राई, प्रमुख, जिल्ला समन्वय समितिको कार्यालय, इलाम

सदस्य: डा सरोज दर्नाल, फिक्कल अस्पताल, मनोनित विज्ञ

सदस्य: डा. उपेन्द्र प्रसाद गुप्ता, विभागीय प्रमुख

सदस्य : डा. सरोज प्रसाद विशाल, अस्पताल प्रमुख

सदस्य: प्रमुख, आर्थिक प्रशासन शाखा

सदस्य सचिव: श्री मुना विष्ट, प्रमुख नर्सीङ

३) आ.व. २०८२/२०८३ को आय व्ययको विवरण

| क्र. सं. | आम्दानि तर्फ | | वजेट रकम नं | खर्च र वितिय शीर्षक | खर्च रकम रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| | विवरण | रकम | | | | |
| १ | ओपिडी | २६,३८०/ | | आयुर्वेद औषधि खरिद | ५,७४,१८६/ | |
| २ | पंचकर्म/ पूर्वकर्म | २,४१,७००/ | | खाजा खर्च र विविध | ५,६५०/ | |
| ३ | प्रयोगशाला | १,०९,९२०/ | | करार पारिश्रमिक,चाडपर्व खर्च, पोशाक खर्च | ३,२४,७३०/ | |
| ४ | स: शुल्क फार्मेसी | ७,२५,४४०.०० | | | | |
| ५ | आकस्मिक सेवा | २५,३२५/ | | नागरिक आरोग्य अभियानजन्य क्रियाकलाप | ५८,८७५/ | |

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | आकस्मिक औषधि | ३८,१३३ | | क्षारसूत्र शिविर | ४७,०००/ | |
| ७ | अन्य शल्य सेवा र सामग्री बिक्री | ७५,००/ | | उपकरण | २९,८७६ | |
| ८ | क्षारसूत्र सेवा | १,९४,०००/ | | Software नवीकरण | ४,५०० | |
| | फिजियोथेरापी | २२,३५० | | | | |
| ९ | अन्तरंग सेवा | ९४०४०/ | | | | |
| १० | बैंक मौज्दात | १३,५२,७७९.९७ | | | | |
| | जम्मा रू. | २८,३७,५६७.९७ | | | १०४४८१७/ | |

आ.व. २०८२/८३ को उपरोक्त तालिका बमोजिमको आय -व्यय विवरण अनुमोदन गर्ने निर्णय गरियो

४) आ.व २०८३/८४ को प्रस्तावित आय व्यय विवरण

| | आम्दानी | | बजेट रकम न. | खर्च र बित्तिय शिर्षक | खर्च रकम |
|---|---|---|---|---|---|
| क्र.स | विवरण | रकम | | | |
| १ | गत आ.व.२०८२ /८३ को आल्या | १७९२७८२.९७ | २७२१३ | औषधी खरीद | ८,००,०००/ |
| २ | औषधि बिक्री | ९,६०,०००/ | २२५२२ | ल्याब केमिकल | ५०,००० |
| ३ | ल्याब आम्दानी | १,५०,०००/ | २२५२२ | क्षारसूत्र शिविर तथा अन्य विशेषज्ञ शिविर _ | १,५०,०००/ |
| ४ | पुर्व कर्म | ३,००,०००/ | २२५२२ | खाजा/खाना खर्च | ५०,००० / |
| ५ | ओपिडी टिकट | ४०,०००/ | २२५२२ | पंचकर्म सामग्री र ग्यास रिफिलिंग | १,००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | क्षारसूत्र तथा ड्रेसिग | २५०,०००/ | २२५२२ | छपाई तथा सूचना सामग्री | ५०,००० |
| ७ | आकस्मिक सेवा | ५०,००० | | बैठक भत्ता | ६५,०००/ |
| ८ | अग्निकर्म | १०,००० | | प्रोत्साहन भत्ता | ७५,०००/ |
| ९ | अन्तरंग सेवा | १००,००० | | चाडपर्व खर्च ( ४ जना ४ जना पोशाक खर्च)) | १४००००/ |
| | | | | | |
| १० | फिजियोथेरापी | २५००००/ | | औजार उपकरण | २,००,०००/ |
| ११ | प्रशासनिक सेवा शुल्क | १०००० | | आकस्मिक सेवा व्यवस्थापन | १,००,०००/ |
| | | | २२५२२ | क्षारसुत्र, पंचकर्म गरेको विरामीहरुको आत्यायिक अवस्था व्यस्थापन | ५०,०००/ |
| | | | | विविध खर्च | ५०,००० / |
| | | | २२५२२ | मेरो स्वास्थ्य मेरो जिम्मेवारी अन्तर्गत नागरिक आरोग्य अभियाँजन्य क्रियाकलाप संचालन | २,००,०००/ |
| | | | | भ्रमण खर्च | ५०,०००/ |
| | | | | करार पारिश्रमिक (लेखा सहायक) | ३,००,०००/ |
| | | | | करार पारिश्रमिक (फिजियो थेरापी सहायक/ पाँचौ तह)) | १८०,०००/ |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | विधुतीय हाजिरीमा आधारित खाजा खर्च | ३०,०००/ |
| | | | | योग शिविर | २२५००/ |
| | | | | MSS र Indoor Service Management | २,००,०००/ |
| | | | | CC TV Camera खरिद र जडान | १०००००/ |
| | | | | Electrical and Plumbing and Miscelaaneous work | ५००००/ |
| | | | | स्वर्णप्राशन सवलिकरण कार्यक्रम | ५०,००० |
| | | | | संचित | ८५०,२८२.९७ |
| जम्मा आम्दानी | | ३९,१२,७८२.९७ | जम्मा खर्च | | ३९,१२,७८२.९७ |

आ. व. २०८३/८४ का लागि उपरोक्त प्रस्तावित आय व्यय सहितको क्रियाकलाप संचालन गर्न स्वीकृति दिने निर्णय गरियो ।

५) यस जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र लाई समूदाय संग जोड्न (Connecting to Community) तथा हाल समुदायमा वढ्दै गईरहेको नसर्ने रोग व्यवस्थापनका लागि विधालय स्तरमा विधार्थी-शिक्षक, समूदयामा महिला स्वास्थ्य स्वंसेविकालाई स्वस्थ जीवन क्रियाकलाप सम्वन्धि अभिमुखीकरण गरेर नागरिक आरोग्य अभियानजन्य क्रियाकलापमा परिचालन गर्ने निर्णय गरियो । अभिमुखीकरण तथा नागरिक आरोग्य क्रियाकलाप संचालनका लागि आयुर्वेद तथा बैकल्पिक चिकित्सा विभागले तयार गरेको तालिम मोड्युल, नागरिक हाते पुस्तिका तथा नागरिक आरोग्य कार्यक्रम संचालन निर्देशिका, प्रदेश तथा संघीय सरकारले जारी गरेको कार्यक्रम कार्यन्वयन निर्देशिका बमोजिम उक्त कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।यो कार्यक्रम संचालन सहजीकरण गर्न स्थानीय पालिका, वडा सँग समन्वय र साझेदारी गर्ने निर्णय गरियो

६) गत आ.व २०८१/८२ वाट नै जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र संचालन तथा व्यवस्थापन समितिमा सेवा करारमा कार्यरत कर्मचारी श्री सविता श्रेष्ठको सम्झौता गरिएको म्याद ०८३ असार मसान्तमा समाप्त भएको र निजलाई २०८३-०४-०१ देखि लागु हुने गरि २०८४ असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।साथै फिजियोथेरापी सहायकलाई प्रचलित नियमानुसार करार सेवा अन्तर्गत सम्झौता गरी फिजियोथेरापी संचालन गर्ने निर्णय गरियो ।यस कार्यालयमा कार्यरत देहाय बमोजिमका पदका कर्मचारीलाई देहाय अनुसारका पारिश्रमिक र अन्य सेवा सुबिधा दिने निर्णय गरियो

| सि. नं | सेवा / समूह | संख्या | पद | पारिश्रमिक | चाडपर्व खर्च | पोशाक खर्च | विधुतिय हाजीरिमा आधारित खाजा खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य/मे ल्या टे | १ | ल्याव टेक्निसियन | संघ सशर्त अनुदान | ३४७३०/ | १००००/ | |
| २ | स्वास्थ्य/फिजियोथेरापी | १ | फिजियोथेरापी सहायक | ३००००/ | | | रू २००/ प्रति दिन |
| ३ | प्रशासन/लेखा | १ | लेखा सहायक | २५०००/ | २५००० | १०००० | |
| ४ | स्वास्थ्य/आयुर्वेद | २ | अभ्यंगकर्ता | संघ सशर्त अनुदान | ४००००/ | २००००/ | |

७) प्रोत्साहन भत्ताको हकमा क्षारसूत्र विधिवाट उपचार गर्दा प्रति विरामीले यस कार्यालयको नाममा रहेको प्रलेनिका विविध खातामा जम्मा भएको रकम मध्ये पचास प्रतिशत उक्त खातामा रहने तथा बाँकी रहेको पचास प्रतिशतलाई एक सय प्रतिशत मानेर देहाय बमोजिमको रकम बाँडफाँड गर्ने निर्णय गरियो ।

- चिकित्सक ५०% ( क्षारसूत्र अपरेसन कार्यमा संलग्न जनशक्ति)
- स्वास्थ्यकर्मी र नर्स ३०% ( क्षारसूत्र अपरेसन कार्यमा संलग्न जनशक्ति)
- सहयोगी कर्मचारी २०% ( अन्य जनशक्ति )

८) यस स्वास्थ्य केन्द्रवाट प्रदान गरिने सेवा शुल्कमा वडा कार्यालयको सिफारिस वा विशेष परिस्थितिमा चिकित्सकको स्वविवेकीय आधारमा विपन्न, अपांग, सेवावाट विमुख र सामाजिक वन्चितिकरण वर्गलाई पचास प्रतिशत सहुलियत प्रदान गर्ने निर्णय गरियो ।

९) आ व २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत न्युनतम सेवा मापदण्डका लागि प्रदेश सरकारवाट न्यून वजेट विनियोजन भएकाले विविध खातावाट व्यय भार हुने गरी थप आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो । यस कार्यालयको स्वास्थ्य सेवा प्रवाहको गुणस्तर सुदृढीकरण गर्न तथा न्युनतम सेवा मापदण्ड कार्यन्वयनका लागि गुणस्तर समन्वय समिति बैठक वसी कार्ययोजना बनाई प्रचलित नियमानुसार क्रियाकलाप संचालन गर्न जिम्मेवारी दिने निर्णय गरियो।

१०) स्वर्णप्राशन कार्यक्रम संचालन गर्ने तिथि सार्वजनिक विदाका दिन पर्न गएको अवस्थामा सो दिन कार्यक्रममा सहभागी कर्मचारी र महिला स्वास्थ्य स्वंसेविकालाई नियानुसार सहभागी भत्ता तथा खाना र खाजा खर्च उपलव्ध गराउने निर्णय गरियो ।

११) यस कार्यालयमा कार्यरत कर्मचारीहरूको पेशागत क्षमता अभिवृद्धि गर्न सम्बन्धित सरोकारवाला संस्था वा विषय विज्ञ सँग समन्वय गरी तालिम / अभिमुखीकरण प्रदान गर्न कार्यालयलाई थप जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

१२) आ.व २०८२/८३ मा सेवाग्राहीवाट अस्पताल व्यवस्थापन समितिले निर्धारण गरेको सेवा शुल्क प्रासिका लागि देहाय बमोजिमका विल नम्बर जारी गरी अन्य प्रयोगहीन विललाई नियमानुसार धुल्याउन कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

| सि. नं. | विवरण | आल्या भएको विल नं ( देखि -सम्म) | प्रयोग भएको विल नं ( देखि -सम्म) | वांकी रहेको विल नं ( देखि -सम्म) | धुल्याउनु पर्ने विल नं( देखि -सम्म) संख्या |
|---|---|---|---|---|---|
| १ | नाम दर्ता | जम्मा संख्या :४१०० (७५०१- ११६०० ) | जम्मा संख्या :४१०० (७५०१- ११६००) | ० | ० |
| २ | औषधि दर्ता | जम्मा संख्या :१४०० (४३०१- ५७०० ) | जम्मा संख्या :१३६२ (४३०१- ५६६२ ) | (५६६३-५७००) जम्मा संख्या ३८ | (५६६३-५७०० ) जम्मा संख्या ३८ |

१३) आ व २०८३/८४ का लागि कोशी प्रदेश सरकारद्वारा फिजियोथेरापी सेटअपका लागि वजेट विनियोजन भएता पनि सो सेवा संचालनका लागि साझेदारी मोडेलमा प्राविधिक जनशक्ति व्यवस्थापन गर्न सूर्योदय न पा मा प्रस्ताव पेश गर्न कार्यालयलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

१४) आ. व. २०८३/८४ का लागि यस जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रवाट प्रदान गरिने सेवाहरुको यसै साथ संलग्न सेवा शुल्क सूची स्वीकृत गरी २०८३ साल भाद्र १ गते लागु हुने गरी निर्णय गरियो ।

| तयार गर्ने : | पेश गर्ने: | सदर गर्ने: |
|---|---|---|
| नाम : आशिष कुमार झा | नाम : डा सरोज प्रसाद विशाल | नाम : जय प्रकाश राई |
| पद : कविराज | पद: सदस्य सचिव | पद: अध्यक्ष |
| हस्ताक्षर: | हस्ताक्षर : | हस्ताक्षर : |

CamScanner